# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

मिति : २०८२।०९।२३ गते
समय : दिनको १२.३० वजे
स्थान : गाउँपालिकाको वैठक कक्ष

आज मिति २०८२ साल पौष २३ गते बुधवार यस गाउँपालिका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा यस गाउँपालिकाको ३७ औ गाउँ कार्यपालिकाको वैठक देहाय प्रतिनिधि ज्यूहरुको उपस्थितिमा देहायका निर्णय गर्दै सम्पन्न भयो ।

<u>उपस्थिति</u>

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | अध्यक्ष | |
| २. | श्री इन्द्र कुमारी थापा | उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरुङ्ग | १ नं वडा अध्यक्ष | |
| ४ | श्री चित्र बहादुर थापा | २ नं वडा अध्यक्ष | |
| ५ | श्री ओम प्रकाश सिग्देल | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री सन्त वहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री निर्मल लम्साल | ५ नं वडा अध्यक्ष | |

# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

| | | | |
|---|---|---|---|
| ८ | श्री दिल वहादुर राना | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री भरत थापा | ७ नं वडा अध्यक्ष | |
| १० | श्री उजेली नेपाली | कार्यपालिका सदस्य | |
| ११ | श्री ईन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री वुद्धिमाया वि.क | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |
| | आमन्त्रित | | |
| १ | श्री परशुराम सिग्देल | स्वकीय सचिव | |
| ३ | श्री कृष्ण प्रसाद पौडेल | लेखापाल | |
| ४ | श्री नोल वहादुर थापा | प्रशासन अधिकृत | |

# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

अनुसूची १

कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्वन्धित

हरिनास गाउँपालिका

गाउँकार्यपालिका बैठक

कार्य सूची ( समय तालिका )

वैठक संख्या :  ३७ मिति :२०८२।०९।२० गते

अध्यक्षता : खिम नारायण मानन्धर स्थान : गाउँपालिकाको कार्यालय

| बैठक आव्हान भएको मिति | बैठक बस्ने समय | कार्य सूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०९।२३ | १२.३० वजे | मासिक समिक्षा सम्वन्धमा । | अध्यक्ष ज्यू | |
| २०८२।०९।२३ | १२.३० वजे | करार कर्मचारीहरुको म्याद थप | अध्यक्ष ज्यू | |
| २०८२।०९।२३ | १२.३० वजे | हिउदे अधिबेशन सम्वन्धमा | अध्यक्ष ज्यू | |
| २०८२।०९।२३ | १२.३० वजे | ठेक्काहरुको म्याद थप सम्वन्धमा । | अध्यक्ष ज्यू | |
| २०८२।०९।२३ | १२.३० वजे | विविध (ठेक्का म्याद, महिमा मा.वि राष्ट्रपति सनिङ्ग सिल्डको नपुग रकम खरको छाना , टिनको छानाको अनुदान रकम ) | अध्यक्ष ज्यू | |

खिम नारायण मानन्धर

गाउँपालिका अध्यक्ष

# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।२०८३ साउन भदौ असोज कार्तिक र मंसिर महिनामा गाउँपालिका कार्यालबाट भए गरेका कार्यहरुको समिक्षा भयो ।यस अवधिमा गाउँपालिका कार्यालयवाट भएका कार्यहरु सन्तोषजनक रहेको र आगामी दिनमा जनअपेक्षा अनुरुप सेवा प्रवाह गर्न निर्देशन दिने ।

निर्णण नं २

गाउँपालिकाको वास प्लान नभएको र वास प्लानको लागि संघीय शसर्त अनुदानमा बजेट विनियोजन नभएको उक्त बजेटबाट सवै वडाको वास प्लान तयार गर्न नपुग हुने भएकोले अपुग रकम ५ लाख परामर्श सेवामा विनियोजन भएको रकमवाट ३६ औ कार्यपालिकाको बैठकवाट थप गर्ने निर्णय भएकोले गाउँपालिकामा सूचीकृत परामर्शदाताहरुवाट उक्त कार्य तत्काल गर्ने ।

निर्णय नं ३

यस गाउँपालिकाको दोस्रो गाउँ सभाको १८ औ हिउदे अधिबेशन यहि मिति २०८२।०९।२६ गते शनिवार आयोजना गर्ने ।

निर्णय नं ४

यस गाउँपालिकामा कार्यरत सम्पुर्ण करार सेवामा कार्यरत कर्मचारीको करार अवधि २०८३अषाढ मसान्त सम्म थप गर्नको लागि आगामी गाउँ सभामा सिफारिस गर्ने ।

निर्णय नं ५

यस गाउँपालिकावाट सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम निर्माण ब्यवशायसँग सिदवन्दी दरभाउपत्र ( कोटेशन विधिवाट) सोझै खरिद भएका देहायका योजनाहरुलाई अनुमोदन गरि भुक्तानी दिने ।

तपसिल

निर्णय नं ६

देहायका योजनाहरुको ठेक्का म्याद देहाय अनुसार थप गर्ने ।

तपसिल

# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

| क्र. स | योजनाको नाम | बोलपत्रदाताको नाम | म्याद सकिएको अघिल्लो मिति | म्याद थप गरिएको मिति |
|---|---|---|---|---|
| 1 | Construction of ward level health center type 02 cootract id HRM/NCB/W/B/081/082 | Aurjun chupari Construction Pvt.Ltd. | 2082-09-15 | 2082-11-15 |
| 2 | The Construction and upgrading of Dagdi Kulungkhola Dhovan Badaharbhanjhang kihun Rural Road ( part 04) | RARA NIRMAN SEWA | 2082-09-15 | 2082-11-15 |
| | Contruction of single cell RCC BOX Slabe culvert | Asmemayara Construction Pvt .Ltd | 2082.08.29 | 2082.11.30 |
| | Harinas Watar Supply Project | Subha contruction pvt | | 2082.10.30 |

निर्णय नं ७

यस बर्षको राष्टपति रनिङ्ग सिल्ड प्रतियोगितामा नपुग रकम रु महिमा माध्यमिक विद्यालयको नाममा भुक्तानी दिने

निर्णय नं ८

देहायका लक्षित कार्यक्रम देहाय अनुसार संचालन गर्ने

क) महिला लक्षित कार्यक्रममा विनियोजित रकम रु ५ लाखवाट प्रति वडा २ जनाका दरले सहभागि हुने गरि १८ बर्ष भन्दा माथि ३५ बर्ष भन्दा तलका महिलाहरु छनौट गरि गाउँपालिकामा सूचीकृत परामर्शदातावाट प्रस्तावना माग गरि कार्यक्रम तत्काल संचालन गर्ने ।

ख) जनजाती लक्षित कार्यक्रममा विनियोजित रकम रु ३ लाखवाट प्रति वडा १ जनाका दरले सहभागि हुने गरि १८ बर्ष भन्दा माथि ३५ बर्ष भन्दा तलका महिलाहरु छनौट गरि गाउँपालिकामा सूचीकृत परामर्शदातावाट प्रस्तावना माग गरि कार्यक्रम तत्काल संचालन गर्ने ।

# हरिनास गाउँकार्यपालिकाको ३७ औ बैठक

ग) विद्यार्थीसँग उपाध्यक्ष कार्यक्रममा विनियोजित रकम वाट पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न, असहाय, अपाङ्गता भएका वालवालिकाहरुको गाउँपालिकावाट मापदण्ड बनाइ सूची सहितको विवरण विद्यालयसँग माग गरि वजेटले थामे सम्म झोला १ थान, एक ट्याक सुट एक एक थान उपलव्ध गराउने ।

घ) अपाङ्गमैत्री कार्यक्रममा विनियोजन भएको रकमवाट ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको विमा कार्यक्रम संचालन गर्ने ।

ङ) जेष्ठ नागरिक कार्यक्रममा विनियोजन भएको रकमवाट ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गर्ने ।

च) सुनौला हजार दिनका आमाका लागि विनियोजन भएको रकमवाट पोषिला खानेकुरा वितरण गर्ने ।

छ) यस गाउँपालिका वडा नं ४ वस्ने श्री सरिता विक विपन्न नागरिक भएको र निजको भवन यसै वर्षको विपदका कारण भत्कन गएकोले निजलाई जनता सँग अध्यक्ष कार्यक्रमवाट रु ५०००० पचास हजार मात्र निर्माण सम्पन्न भइ सकेपछि भुक्तानी दिने

ज) यस गाउँपालिका वडा ३ मा रहेको मग्याम चिसापानी स्वास्थ्य चौकीमा रहेको एम्वुलेन्सको मर्मत गर्नको लागि सवारी मर्मत शिर्षकवाट रु ६५०००। पैसठिहजार मात्र अनुदान दिने ।

झ) घ वर्गको इजाजतपत्रका लागि गाउँपालिकामा रितपुर्वक दर्ता हुन आएका देहायका प्रस्तावहरुलाइ स्वीकृत गरि घ वर्गको ईजाजतपत्र उपलव्ध गराउने

१ जाल्पादेवी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि पोखरा ८ कास्की

२ सुपा कन्सट्रक्सन हप प्रा.लि बिरुवा ४ स्याङ्गजा